बकैया गाउँकार्यपालिकाको मिति २०७७।०६।१८ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. स्वास्थ्य लाभको कामना सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री दामोदर खनाल ज्यू निमोनिया लगायतको विमारीका कारण हाल नर्भिक अस्पताल थापाथली काठमाडौंमा उपचाररत रहनुभएकोमा वाँहाको शिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

२. सरसफाई बजेट विनियोजन सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्रमा वर्षातका कारण विग्रिएका सडक सरसफाईका लागि रु. ६०,००,०००।- विनियोजन गरिएको र सो सरसफाईका लागि घटिघटाउमा कार्य गर्नको लागि ठेक्का मार्फत ठेकेदार कम्पनीहरु समेत छनोट भइसकेकोमा उक्त कार्यको लागि तपशिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा | विनियोजित बजेट रु. |
|---|---|
| १ | ५,५०,०००।- |
| २ | ४,००,०००।- |
| ३ | ३,००,०००।- |
| ४ | ४,००,०००।- |
| ५ | ३,००,०००।- |
| ६ | ८,५०,०००।- |
| ७ | ३,००,०००।- |
| ८ | ६,००,०००।- |
| ९ | ४,००,०००।- |
| १० | ५,००,०००।- |
| ११ | ८,५०,०००।- |
| १२ | ५,५०,०००।- |
| जम्मा | ६०,००,०००।- |

| ठेक्कामा विभाजित वडा अनुसार | विनियोजित बजेट रु. |
|---|---|
| १,२ र ७ | १२,५०,०००।- |
| ४,५ र ६ | १५,५०,०००।- |
| ३,८ र ९ | १३,००,०००।- |
| १०,११ र १२ | १९,००,०००।- |

३. ५ वेडको अस्पताल सम्बन्धमाः-

प्रस्तुत विषयमा यस संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७।७८, च.नं. ५१, मिति २०७७।०५।२३ गतेको पत्रानुसार तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०७७।७८, च.नं. १२६, मिति २०७७।०५।२३ गतेको पत्रानुसार अस्पताल नभएका स्थानीय तहहरुमा ५ वेडको अस्पताल सञ्चालनको लागि हाल प्रति स्थानीय तह रु. १०,००,०००।- रकम निकासा गरेको र उक्त अस्पतालन सञ्चालनको लागि "स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल

सरला बोलखे
उपाध्यक्ष

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७" समेत संलग्न गरि पठाईएकोमा यस गाउँपालिका अन्तर्गत पनि ५ बेडको अस्पताल सञ्चालन प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै सो को लागि कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७ बमोजिम १ जना मेडिकल अधिकृत आठौं, २ जना स्टाफ नर्स सहायक पाँचौ तथा १ जना कार्यालय सहयोगी सेवा करारमा नियुक्ती प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. आर्थिक सहयोग सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला आयोजना कार्यान्वयन इकाई(भवन) अन्तर्गत यस बकैया गाउँपालिका वडा नं. ४ मा कार्यरत सव-ईन्जिनियर श्री दिपेन्द्र अधिकारीको मिति २०७७।०६।०३ गते असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चीर शान्तीको कामना गर्दै यस दुःखद घडिमा शोकसन्तप्त परिवारलाई राहत स्वरुप यस गाउँपालिका कार्यलय अन्तर्गत तलव भत्ता तथा सेवा सुविधा प्राप्त गर्ने सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधीहरुको एक दिन बराबरको तलब भत्ता तथा सेवा सुविधा वापतको रकम निजको परिवारलाई उपलब्ध गराउने निर्णय गरियो ।

५. जुरेली खानेपानी योजना सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा जुरेली खानेपानी योजनाको ईन्टेक निर्माण तथा पाईपलाईन विस्तार कार्यको लागि एक आर्थिक वर्षमा कार्य सम्पन्न हुन कठिनाई हुने तथा सम्बन्धित निकायहरुबाट अनुदान रकम आउने प्रकृयामा रहेकोले उक्त योजनालाई बहुवर्षीय योजनाको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

६. बकैया खेलग्राम निर्माण सम्बन्धमा :-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको वडा नं ५ मा रहेको कर्मचुली खेल मैदानलाई बकैया खेलग्रामको रुपमा व्यवस्थित गर्न गाउँ कार्यपालिकाको मिति २०७७।१२।०१ गतेको निर्णय बमोजिम"स्थानीय तहमा खेलकुद पुर्वाधार निर्माण सम्बन्धी कार्यविधी,२०७५"बमोजिम प्रस्ताव पेश गरी खेलकुद पुर्वाधार निर्माणको लागि अनुदान रकम माग गरिएको र सोही बमोजिम रु. ५०,००,०००।- अनुदान रकम प्राप्त भएको र गाउँपालिकाले रु. १५,००,०००।- रकम व्यहोरी खेल मैदान निर्माणको कार्य गरिरहेकोमा थप कार्यको लागि समेत अनुदान रकम माग गर्ने निर्णय गरियो । साथै उक्त कार्यविधीमा व्यवस्था भए बमोजिम गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने बाँकी ३० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने भनि सर्वसम्मत निर्णय गरियो।

७. योजनाको रकम भुक्तानी सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले गत आर्थिक वर्षदेखि नै सञ्चालन गर्दै आईरहेको तपसिल बमोजिमको योजनाहरु चालु आर्थिक वर्षमा समेत सञ्चालित रहेको तर चालु आर्थिक वर्षको योजनामा उक्त योजनाहरुको खर्च शिर्षक उल्लेख नभएकोमा गाउँपालिका विविध पूर्वाधार शिर्षकबाट भुक्तानी दिने

सरला बोलखे
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

२०७८/१/२०
दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

निर्णय गरियो । साथै सम्बन्धित शिर्षकमा बजेट उपलब्ध भए पश्चात सोही शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

<u>तपसिल</u>

१. महेन्द्र माद्यामिक विद्यालय भवन निर्माण

२. जुरेली खानेपानी योजना

३. वडा स्वास्थ्य भवन

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

सरला बोलखे
उपाध्यक्ष

Scanned with CamScanner